# स्थानीय राजपत्र

बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित

| खण्ड ५ | संख्या २ | मितिः २०७८/०४/०१ |
|---|---|---|


**भाग १**

**बागमती गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाबाट जारी भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन संख्या २

# विनियोजन ऐन, २०७८

## वागमती गाउँपालिकाको लागि आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** वागमती गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बागमती गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “वागमती गाउँपालिकाको विनियोजन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७८/०७९को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७८/०७९को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुँजिगतखर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२७८८४000।- (अक्षेरुपी बाउन्न करोड अठ्हत्तर लाख चौरासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त वागमती गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग

हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | गाउँ कार्यपालिका (प्रशासनिक, फिर्ता, म्याचिङ) | | ७५४०० | | | ७५४०० |
| २ | वडा समिति | | १२५२५ | ११९७५ | | २४५०० |
| ३ | बिषयगत शाखा | आर्थिक विकास | २९०५० | ६०० | | २९६५० |
| | | सामाजिक विकास | ८९५० | ४४५० | | १३४०० |
| | | भौतिक पूर्वाधार | ० | २९१५० | | २९१५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वन, वातावरण, भूसंरक्षण तथा विपद् व्यवस्थापन | ६५५० | १८०० | | ८३५० |
| | | संस्थागत विकास, सेवा प्रवाह तथा सूशासन | ० | १८०० | | १८०० |
| ४ | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | ० | ० |
| ५ | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० | ० |
| ६ | संघीय सरकारको सर्शत कार्यक्रम | | २०३००० | ३४०० | | २०६४०० |
| ७ | प्रदेश सरकारको सर्शत कार्यक्रम | | १०००० | ८७६७ | | १८७६७ |
| ८ | संघीय सरकारको विशेष यो जना कार्यक्रम | | ० | २९१०० | | २९१०० |
| ९ | प्रदेश सरकारको विशेष यो जना कार्यक्रम | | ० | ६००० | | ६००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | संघीय सरकारको समपूरक योजना कार्यक्रम | | ० | १६९०० | | १६९०० |
| ११ | प्रदेश सरकारको समपूरक योजना कार्यक्रम | | ० | २८४६७ | | २८४६७ |
| १२ | सामाजिक सूरक्षा | | ४०००० | ० | | ४०००० |
| | कूल जम्मा | | ३८५४७५ | १४२४०९ | | ५२७८८४ |
| | प्रतिशत | | ७३.०२ | २६.९८ | | |

प्रमाणीकरण मितिः २०७८।०३।१०

आज्ञाले,
खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत